**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २६ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- दाजीलिङ पहाड़ , तराई ,डुर्वसमा आज भक्तिभाव तथा धार्मिक , हषोल्लासका तथ फूलपाती शोभयात्राहरू निकालियो।
- पश्चिम बंगालको दुर्गा पूज युनेस्कोको ईन्टयाजिबल हेरिटेज अफ हयुमिनिटी मा सामेल गराउनुमा केन्द्रको प्रयास- प्रधानमंत्री नरेन्द्र मोदी।
- आज महासप्तमी देखि राज्य भरी दुर्गापूजाको धुमधाम निकै बढ़ेर बढ़ेर गएको छ। हजारौंको संख्यामा मानिसहरू विभिन्न पण्डालहरूमा माँ दुर्गाको प्रतिमा दर्शन गरिरहेका छनू।
- दार्जीलिङ हिमालयन रेलवेद्वारा खरसांगमा स्टेशन महोत्सव ।
- मौसम विभागद्वारा राज्यभरी एक अक्टुबर देखि ठूलो वर्षा हुने अनुमान , मुख्यमंत्री ममता व्यानर्जीले अधिकारीहरूलाई सतर्क रहने दनिुभयो। निर्देश ।

**फूलपाती**

गोरखा जातिको महान् पर्व दशैं अघिको विशेष दिन फूलपाती आज दार्जीलिङ, तराई अनि डुवर्सका विभिन्न स्थानहरुमा उत्साहपूर्वक मनाइयो। फूलपातीले गोखा जातिको महान पर्व दशैं आरम्भ भएको स्पष्ट सन्देश दिँदछ| यस अवसरमा दार्जीलिङमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सूचना अनि सांस्कृतिक विभागको आयोजनामा परम्परागत भव्य फूलपाती शोभायात्रा निकालियो। विभिन्न जातजाति अनि समुदायका मानिसहरूले सांस्कृतिक पोशाक र वाद्यवाजनसहित सहभागिता जनाए। शोभायात्रा मोटर स्ट्यान्डबाट सुरु भई चौरास्तामा पुगेर सांस्कृतिक कार्यक्रममा परिणत भयो।यस वर्षको मुख्य आकर्षण लाखे नृत्य, याक नृत्य, च्याब्रुङ नृत्य, तामाङ सेलो, तथा अन्य जातीय नृत्यका प्रस्तुति रहे। विभिन्न मन्दिरका धार्मिक झुण्डहरू महाकाल मन्दिरमा पुगेर पूजा अर्चना गरे। स्थानीय बासिन्दा र पर्यटकहरूको ठूलो भीड उपस्थित रह्यो। खरसाङमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सूचना तथा सांस्कृतिक विभाग र नगरपालिकाको संयुक्त आयोजनामा शोभायात्रा निकालियो। रेलवे स्टेशनबाट सुरु भएको शोभायात्रा बजार परिक्रमा गर्दै सुपर मार्केटस्थित सार्वजनिक भवनमा पुगेर सम्पन्न भयो। यसमा नौमति बाजा, लाखे नृत्य, मारुनी, खुकुरी नृत्य, र विभिन्न सांस्कृतिक झाँकी प्रस्तुत गरियो। यस शोभायात्रामा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा, पूर्व सांसद शान्ता छेत्री लगायत अनेक गणमान्य व्यक्तिहरूको सहभागिता रह्यो। कालिम्पोङमा शोभायात्रा मेला ग्राउन्ड शक्तिथान मन्दिरबाट सुरु भई बजार परिक्रमा गरी पुनः सोही स्थानमा समापन भयो। यसमा विभिन्न संघसंस्था र समाजका प्रतिनिधिहरू सहभागी भएका थिए। पुलिस विभागले दाम्बर चोकदेखि छुट्टै रैली निकालेको थियो। घैयाबारी ग्राम पञ्चायत दुई तीनधारे स्तरीय फूलपाती शोभायात्रा एंव नृत्य प्रतियोगिता सम्पन्न भएको छ।

मिरिक महकुमा भरी पनि आज गोर्खा संस्कृति अनि परम्परालाई झल्काउदै फुलपाती शोभायात्रा आयोजना गरियो। मिरिकको सहमेन्दु देबीस्थानबाट शुरु भएको शोभायात्राले शहरको परिक्रमा गरेका थिए। सहमेन्दु देबीस्थान ब्यवस्थापन समितिको आयोजनामा सम्पन्न फुलपाती शोभायात्रामा विभिन्न जात गोष्ठीका समुदायहरुले आ- आफ्नो जातिय पोशाकमा सजिएर सहभागीता जनाएका थिए| तराई क्षेत्रमा, सालबारी बजार सयपत्री संघले फूलपाती शोभायात्रा आयोजना गऱ्यो। पत्थरघट्टाबाट सुरु भएको शोभायात्रा सालबारी बजारमा जोडिएर संयुक्त रूपमा परिक्रमा गरी दुर्गा पूजा मण्डपमा समापन भयो। जातीय भेषभूषामा सजिएका ठूलो संख्याका मानिसहरूको सहभागिताले शोभायात्रालाई आकर्षक बनायो। यी सबै शोभायात्राले दशैं सुरु भएको सन्देश दिनुका साथै सांस्कृतिक एकता र धार्मिक आस्थालाई मजबुत बनाएको देखियो।

**डा एकलव्य शर्मा सम्बर्द्धना**

खरसाङमा आयोजित फूलपाती शोभायात्रा एवं सम्बर्द्धना कार्यक्रममा खरसाङका सुपुत्र एवं पद्मश्री प्रापक डा एकलव्य शर्मालाई अभिनन्दन जनाइएको छ। फूलपाती शोभायात्रा खरसाङको सुपर मार्केटस्थित सार्वजनिक भवनमा आएर सम्बर्द्धना

किर्यक्रममा परिणत भएको थियो। यस अवसरमा डा एकलव्य शर्मालाई पूर्व सांसद शान्ता छेत्री, खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङ, वरिष्ठ साहित्यकार पूर्ण गुरुङ 'निरुपम' आदिको बाहुलीबाट खदार्पणसहित जातीय टोपी पहिराएर, शल ओढाएर साथै सम्बर्द्धना पत्र अनि स्मृति चिन्ह प्रदान गरेर अभिनन्दन जनाइयो। अभिनन्दनपछि आफ्नो सम्बोधनमा डा एकलव्य शर्माले आफुलाई धैरै स्थानहरुमा सम्मान जनाइएको भए पनि आफ्नै ठाउँमा यसरी सम्मानित हुन पाउँदा खुशी लागेको बताउनु भयो। उहाँले यो खुशी आफुले पद्मश्री पाउँदाको जत्तिकै खुशी रहेको बताउनु भयो। यसै कार्यक्रममा फूलपाती शोभायात्रामा सहभागी खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाहरुलाई पनि सम्मान जनाइएको छ।

**दुर्गा पूजालाई युनेस्को**

पश्चिम बंगालको दुर्गा पूजालाई युनेस्कोको 'इंटैन्जिबल कल्चरल हेरिटेज ऑफ ह्यूमैनिटी' सूचीमा समावेश गर्ने विषयमा राजनीतिक लडाई आज तीव्र भयो। प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो आफ्नो मासिक "मन की बात" कार्यक्रममा यो मान्यता केन्द्र सरकारको पहलको परिणाम भएको दाबी गर्नु भएको थियो। यसप्रति प्रतिक्रिया जनाउँदै, पश्चिम बंगालकी वित्त राज्यमन्त्री (स्वतन्त्र प्रभार) चन्द्रिमा भट्टाचार्यले दुर्गा पूजाले २०२१ मा यो प्रतिष्ठित ट्याग प्राप्त गरेको बताउनु भयो, तर यो पहिलो पल्ट हो जब प्रधानमन्त्रीले यसको श्रेय लिने प्रयास गर्नुभएको छ। उहाँले यो २०२६ को विधानसभा चुनाव अभियानको सुरुवात हो? भनेर प्रश्न उठाउनु भयो| अर्को तर्फ, राज्य भाजपाले तृणमूलको दावीलाई अस्वीकार गर्दै युनेस्को सम्मान अनुसन्धानकर्ता तपति गुहा ठाकुरताको व्यापक अनुसन्धान र कामको परिणाम रहेको बताउनु भयो। भाजपा प्रदेश महासचिव जगन्नाथ चटर्जीले भन्नु भयो संस्कृति मन्त्रालयले उहाँको अनुसन्धानलाई मान्यता दिएको छ र यसलाई अन्तर्राष्ट्रिय स्तरमा प्राथमिक दस्तावेजको रूपमा प्रवर्द्धन गरेको छ। अन्ततः, सोही आधारमा, युनेस्कोले दुर्गा पूजालाई सम्पदा ट्याग प्रदान गर्‍यो।

**दुर्गा पूजा पण्डाल**

कोलकातामा हिजो राति दुर्गा पूजाका विभिन्न पण्डालहरूमा ठूलो भीड देखियो। लाखौं भक्तजन र दर्शकहरू विषयवस्तु, प्रकाश र कलाकृतिको आनन्द लिन आएका थिए। सप्तमी, अष्टमी र नवमीका दिन सरकारी र गैरसरकारी कार्यालयहरू बन्द रहेकोले मानिसहरूले परिवार र साथीभाइसँग पण्डाल घुमे। धेरै प्रमुख पण्डालहरूमा लगभग एक किलोमिटर लामो लाइन देखियो, जहाँ प्रवेश गर्न दुई घण्टा पर्खिनु पर्‍यो। भीड नियन्त्रणको लागि पुलिसले मादक पदार्थ सेवन गर्ने अनि अशान्ति फैलाउने व्यक्तिहरूमाथि कडा निगरानी राखेको थियो। भीडको कारण रेल, अनि बस सेवामा असर परेको थियो। हावडा र सियालदह डिभिजनका रेलहरू खचाखच भरिएका थिए अनि यात्रीहरूलाई स्टेशनमा लामो समय उभिनुपर्‍यो।

**सांसद  हर्षवर्धन श्रृङला**

राज्यसभा सांसद  हर्षवर्धन श्रृङलाले स्टेशन महोत्सवको अवसरमा दार्जिलिङ हिमालयन रेल्वेको सङ्ग्रहालय अनि निर्देशक कार्यालय खरसाङको भ्रमण गर्नु भयो। यस अवसरमा दार्जिलिङ हिमालयन रेल्वेका निर्देशक  ऋषभ चौधरीले उहाँलाई स्वागत गर्दै सङ्ग्रहालयको अवलोकन गराउनु भयो। कार्यक्रम अन्तर्गत  श्री श्रृङलाले टुङ स्टेशनमा नयाँ बोर्डको उद्घाटन गर्नु भयो। त्यसैगरी, विभिन्न स्टेशन महोत्सवका अवसरमा आयोजित विभिन्न प्रतियोगितामा सहभागी बालबालिकाहरुलाई पुरस्कार वितरण समेत गर्नु भयो। कार्यक्रममा बालबालिकाले परम्परागत नृत्य प्रस्तुत गरेर वातावरणलाई अझै रमाइलो बनाए। कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै श्री श्रृङलाले दार्जिलिङ हिमालयन रेल्वे निर्देशक  ऋषभ चौधरी तथा सम्पूर्ण टोलीलाई सफल कार्यक्रमको लागि धन्यवाद ज्ञापन गर्नु भयो। उहाँले दार्जिलिङ हिमालयन रेल्वेको संरक्षण, प्रवर्द्धन अनि पर्यटनको प्रगतिका लागि आफ्नो तर्फबाट सक्दो योगदान गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो।

**मौसम**

पश्चिम बंगाल सरकारले 1 अक्टोबर देखि भारी वर्षा हुने सम्भावनालाई ध्यानमा राख्दै आपतकालीन उपायहरू सुरु गरेको छ। मुख्यमन्त्री ममता बनर्जीले अधिकारीहरूलाई विशेष सतर्कता अपनाउन निर्देशन दिनु भएको छ। राज्य सरकारका अधिकारीहरु अनुसार मुख्यमन्त्री आफैंले परिस्थितिको निगरानी गरिरहेकी छन्। हालैमा, कोलकता अनि वरिपरिका क्षेत्रहरूमा मुसलधारे वर्षा र विद्युतीय करेन्ट लागेर १२ जनाको मृत्यु भएको थियो। यसपछि, सरकारले सबै विभागहरूलाई सतर्क गराएको छ। राज्य प्रशासनले

एक वरिष्ठ आईएएस अधिकारीद्वारा संचालित एक विशेष नियन्त्रण कक्ष स्थापना गरेको छ। यो नियन्त्रण कक्ष निरन्तर सक्रिय रहनेछ र 26 सितम्बर देखि सात अक्टूबर, दुई अक्टूबर अनि 27 देखि 28 अक्टूबर सम्म चाडपर्वको मौसमभरि स्थितिको निगरानी गर्नेछ। । मौसम विभागले उत्तर र मध्य बंगालको खाडीमा न्यून चापीय क्षेत्र बन्ने पूर्वानुमान गरेको छ। फलस्वरूप, 2 अक्टोबर देखि 4 सम्म पश्चिम बंगालका धेरैजसो भागहरूमा भारी देखि धेरै भारी वर्षा हुने अनुमान गरिएको छ। मौसम विभागले यस अवधिमा 35 देखि 55 किलोमिटर प्रति घण्टाको गतिमा हावा चल्ने सम्भावना रहेको चेतावनी दिएको छ। समुद्री अवस्था पनि उग्र हुने अनुमान गरिएको छ।